## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा (२१) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३५, मिति २०४२।३।३१ संख्या १४ भाग ३ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाको नं. १ मा रहेको दफा ३ को उपदफा (१४) को सट्टा देहायबमोजिमको (१४) राखिएको छ।

(१४) रेडियो ट्रान्जिष्टर वा क्यासेट प्लेएर छुट्टै वा संयुक्त – एक

## सूचना ३

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ र अन्तःशुल्क ऐन, २०१५ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी चिनी कारखानाको निर्माण कार्यको लागि बुटवल प्लाईउड फैक्ट्रीबाट खरिद गर्ने निम्नानुसारको प्लाईउडमा लाग्ने बिक्रीकर र अन्तःशुल्क पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### विवरण

| | | | |
|---|---|---|---|
| (१) थी :- | प्लाईउड | ६१९५ | एम २ |
| (२) फाईवः- | प्लाईउड | ६८३ | एम २ |
| (३) सेभेनः- | प्लाईउड | २००० | एम २ |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पशुपती क्षेत्र विकास कोषले आयात गर्ने जापानी येन ५,४६,०००।– मूल्य बराबरको ३ थान होण्डा मोटरसाइकलमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।